# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह सरकारी कामको सिलसिलामा भूटानतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४८।१२।१७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०४९ साल वैशाख १ गतेदेखि ऐ चैत मसान्तसम्म एक वर्षभरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहाय बमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ।

१. वर्षभरिमा शनिबार दिनहरू जम्मा दिन ५२ (बाउन्न)

| | | | | | |
|---|---|---|---|---|---|
| क. वैशाख | ६,१३,२०,२७ | – ४ | ख. जेठ | ३,१०,१७,२४,३१ | – ५ |
| ग. असार | ६,१३,२०,२७ | – ४ | घ. साउन | ३,१०,१७,२४,३१ | – ५ |
| ङ. भदौ | ६,१३,२०,२७ | – ४ | च. असोज | ३,१०,१७,२४ | – ४ |
| छ. कार्तिक | १,८,१५,२२,२९ | – ५ | ज. मंसीर | ६,१३,२०,२७ | – ४ |
| झ. पुस | ४,११,१८,२५ | – ४ | ञ. माघ | ३,१०,१७,२४ | – ४ |
| ट. फागुन | २,९,१६,२३,३० | – ५ | ठ. चैत | ७,१४,२१,२८ | – ४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

२. पर्व बिदाहरू

(क) नव वर्ष वैशाख १ गते सोमबार, एक दिन ।

(ख) ऋषितर्पणी (रक्षा बन्धन) साउन २९ गते बिहिबार, एक दिन ।

(ग) छठ पर्व मनाउने जिल्लाहरूलाई कार्तिक १५ गते शनिबार, एक दिन ।

(घ) वसन्त पञ्चमी माघ १४ गते बुधबार, एक दिन ।

(ङ) महाशिवरात्रि फागुन ८ गते शुक्रबार, एक दिन ।

(च) फागुपूर्णिमा देहायका जिल्लाहरूमा फागुन २५ गते सोमबार दिन एक र अरू जिल्लाहरूमा फागुन २४ गते आइतबार दिन एक बिदा दिइने छ ।

जिल्लाको नाम

१. झापा २. मोरङ ३. सुनसरी ४. सप्तरी ५. उदयपुर ६. सिरहा ७. धनुषा ८. महोत्तरी ९. सर्लाही १०. रौतहट ११. बारा १२. पर्सा १३. मकवानपुर १४. चितवन १५. नवलपरासी १६. रूपन्देही १७. कपिलवस्तु १८. दाङ १९. बाँके. २०. बर्दिया २१. सुर्खेत २२. कैलाली २३. कञ्चनपुर

(छ) चैते दशैं चैत १८ गते बुधबार, एक दिन ।

(ज) राम नवमी चैत १९ गते विहीबार, एक दिन ।

(झ) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई "इदुजोहा बकरीद" का दिन, एक दिन ।

(ञ) इसाई धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई "क्रिसमस डे" का दिन, एक दिन ।

३. महिला कर्मचारीहरूको लागि मात्र बिदा

(क) हरितालिका (तीज) भदौ १४ गते आइतबार, एक दिन ।

(ख) ऋषिपञ्चमी भदौ १६ गते मंगलबार, एक दिन ।

(ग) नारी दिवस फागुन २५ गते सोमबार, आधा दिन ।

४. जात्रा बिदा (उपत्यकालाई मात्र)

(क) गाईजात्रा साउन ३० गते शुक्रबार, एक दिन ।

(ख) इन्द्रजात्रा भदौ २५ गते बिहीबार, एक दिन ।

(ग) घोडेजात्रा चैत ९ गते सोमबार, एक दिन ।

(घ) मच्छिन्द्रनाथको भोटो देखाउने एक दिन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दशैं बिदा

(क) घटस्थापना असोज ११ गते आइतबार, एक दिन ।

(ख) असोज १७ गते शनिबारदेखि २४ गते शनिबारसम्म, दिन आठ ।
(फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म)

६. तिहार बिदा

(क) लक्ष्मीपूजा कार्तिक ९ गते आइतबार, एक दिन ।

(ख) गोबर्धनपूजा कार्तिक १० गते सोमबार, एक दिन ।

(ग) भाइटीका कार्तिक ११ गते मंगलबार, एक दिन ।

७. दिवस बिदा

(क) संविधान दिवस कार्तिक २३ गते आइतबार, एक दिन ।

(ख) राष्ट्रिय एकता दिवस पुस २७ गते सोमबार, एक दिन ।

(ग) शहीद दिवस माघ १६ गते शुक्रबार, एक दिन ।

(घ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते बिहीबार, एक दिन ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सदा र फिर्ती सवारी होइबक्सदा अधिराज्यभर बिदा ।

९. शुभ-जन्मोत्सव बिदा

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव पुस १४ गते मंगलबार, एक दिन ।

१०. शुभ-जयन्ती बिदा

(क) बुद्ध जयन्ती जेठ ३ गते शनिबार, एक दिन ।

(ख) श्रीकृष्णजन्माष्टमी भदौ ४ गते बिहीबार, एक दिन ।

११. हाजिर हुने र छुट्ने समय

मन्त्रालय तथा कार्यालय समयको हकमा मंसीर, पुस र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १० बजे हाजिर भै दिउसो ४ बजे छुट्ने र बाँकी नौ महिना बिहान १० बजे हाजिर भै दिउँसो ५ बजे छुट्ने छ । उपरोक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १० बजे हाजिर भै दिउँसो ३ बजे छुट्ने छ ।

८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।